# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भगवान् बुद्धलाई हत्या गर्ने षडयन्त्र

वर्षः ४०, अङ्कः १२

बु.सं. २५६६, फागु पुन्हि

# धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ सम्पन्न हुँदाका चित्रहरू



सामूहिक महापरित्राण पाठ गर्नुहुँदै धम्मवती गुरुमां सहित अन्य गुरुमांहरू



महासमय सुत्त – वसल सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू श्रद्धावती, त्यागवती, इन्दावती




सरणागमन - धजग्ग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू वीर्यवती र शुभवती



सच्चविभंग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू नन्दावती, सुनन्दावती, क्षान्तिवती



महाकस्सपत्थेर बोज्झङ्ग सुत्त – इसिगिली सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू केशावती, खेमावती, प्रियावती



आटानाटिय सुत्त (क) पाठ गर्नुहुँदै गुरुमांहरू पञ्ञावती, वजीरा, अमता



धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू कुसुम, प्रीतिवती, सुप्रियावती



आटानाटिय सुत्त (ख) पाठ गर्नुहुँदै गुरुमांहरू दानवती, मेत्तावती, सुवण्णवती

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ५३५९४६६

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ९८४१५३४१०९**

सम्पादन सहयोगी
**भिक्षुणी शुभवती**
**फोन: ९८४१३२९००५**

व्यवस्थापकहरू
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ५३५९४६६
email: gurumawiryawati@gmail.com
subhawati26@gmail.com


बुद्ध सम्बत् २५६६
नेपाल सम्बत् ११४२
इस्वी सम्बत् २०२३
बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**7th MARCH 2023**

| वर्ष- ४० | अङ्क- १२ | फागु पुन्हि | फागुन २०७९ |
|---|---|---|---|




सुसुखं वत ! जीवाम, आतुरेसु अनातुरा
आतुरेसु मनुस्सेसु, विहराम अनातुरा
*- धम्मपद गाथा नं १९८*

**थन वा रोगग्रस्त जूपिनि विचय् च्वना: नं निरोगी जुया: धात्थेंहे सुखपूर्वक म्वाय् सय्के । रोगी मनूतय् नाप च्वना: नं रोग मदय्का: याउँक चा:हिले ।**

**आउ, रोगग्रस्तहरूको बिचमा रहेर पनि निरोगी भई साँचै धेरै सुखपूर्वक बाँचौं । रोगी मानिसहरूको बिचमा रहेर पनि रोगरहित बनी घुमौं फिरौं ।**

Come ! Let's live happily free from misery among those, who are Miserable,
Let's live free from misery among miserable People.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **आवरण चित्र परिचय - बुद्ध हत्या गर्ने षडयन्त्र** | **– स.ना.गो., अनु. वीर्यवती** | २ |
| ३) | **सम्पादकीय - साँचो सुख** | – | ३ |
| ७) | **फो गुआङ शानका संस्थापक श्रद्धेय धर्म गुरु सिङ्ग युनको ९७ वर्षको उमेरमा देहावसान** | **– देवकाजी शाक्य** | ४ |
| १०) | **तथागतयागु स्वीनिता महापुरुषलक्षण उत्पन्न ... ... ४** | **- कुसलञाणी गुरुमां** | ७ |
| ११) | **धर्म प्रचार समाचारहरू** | – | १५ |


*आवरण चित्र परिचय*

# बुद्ध हत्या गर्ने षडयन्त्र


**कल्याण मित्र सत्यनारायण गोयन्का**
**भावानुवाद- वीर्यवती**


महाराज बिम्बिसारलाई हत्या गराएपछि देवदत्तको लक्ष्य साधन कार्यको ठूलो बाधा हट्यो। अब बुद्धलाई हत्या गर्ने मार्ग खुलियो। बुद्धलाई हत्या गराइसकेपछि मात्र अनाथ भएका विशाल भिक्षु संघको लागि उ अधिपति बन्न सकिने छ। यही उसको लक्ष थियो।

यस लक्ष पूरा गर्नको लागि देवदत्त अजातशत्रु समक्ष पुग्यो र बुद्धलाई हत्या गर्ने षडयन्त्रमा उसलाई भागीदार बनायो। अजातशत्रुले नै उसलाई केही हत्या गरेर हिंड्ने पेशा भएका हत्याराहरू पठायो। देवदत्तलाई थाहा थियो कि सारा नगरमा बुद्धको प्रशिद्धी फैलिएको छ। बुद्धको साधक नभए पनि बुद्धप्रति श्रद्धालु व्यक्तिहरू छन्। यस्तो अवस्थामा बुद्धलाई हत्या गर्ने हत्यारा कसरी तयार हुन्छ ? यस समस्या सुल्झाउनको लागि उसले ३१ जना हत्यारा तयार गरे। तर उनीहरू कसैलाई थाहा हुन दिएन कि उनीहरू बुद्धको हत्या गर्ने योजनामा सम्मिलित भइरहेको छ भन्ने कुरो। तिनीहरू मध्ये एकजना व्यक्तिलाई मात्र बुद्ध हत्या गर्नको लागि तयार गराइयो।

उसलाई (भगवान् बुद्ध फलाना ठाउँमा विश्राम गरिरहनु भएको छ तिमीले उहाँलाई हत्या गरेर फलाना बाटोबाट फरार हुनु) भनी कुरा सिकाइएको थियो। उक्त मार्गमा दुईजना अन्य हत्याराहरू खडा गराइएको थियो। ती हत्याराहरूलाई एकजना व्यक्ति यस मार्गबाट आउने छ त्यसलाई तिमीहरू दुईजना मिलेर मारिदिने र तिमीहरू फलाना बाटोबाट फरार हुनु भनी आदेश दिइयो। त्यही बाटोबाट अन्य ४ हत्याराहरूलाई खडा गरियो। उनीहरूलाई पनि यस मार्गबाट आइराख्ने दुई जना व्यक्तिहरूलाई मारेर तिमीहरू चारै जना फलाना मार्गबाट भाग्नु भनी आदेश दिइयो। त्यही मार्गमा अन्य ८ जना हत्याराहरू तैनाथ गरियो। तिनीहरूलाई पनि उक्त मार्गबाट आइराख्ने ४ जना व्यक्तिलाई हत्या गरेर फलाना मार्गबाट भाग्नु भनी आदेश दिइयो। त्यसमार्गमा अन्य १६ जना हत्याराहरू तैनाथ गरिए, उनीहरूलाई पनि यस मार्गबाट आउने ८ जना मानिसहरूलाई हत्यागरेर फलाना मार्गबाट भागेर जानु र विभिन्न भागमा छरेर जानु भनी आदेश दिइयो।

बनाइएको यस योजना अनुसार वास्तविक हत्यारा भगवान् विश्राम गरिरहनु भएको स्थानमा पुगे। भगवान्लाई हत्या गर्ने नियतले आएका उक्त व्यक्ति टाढैबाट भगवान् बुद्धलाई देख्ने बित्तिकै उ थरथर काँप्न थाले। पसीना निस्कन थाल्यो। भयभीत भए उ। भगवान्ले उसलाई स्नेहपूर्वक बोलाउनु भयो। नडराउनको लागि आश्वासन दिनुभयो। तब उक्त व्यक्ति भगवान् समक्ष पुगी आफ्नो हतियार उहाँसामू राखी भगवान्को पाउ परे। भगवान्ले उसलाई मैत्रीपूर्वक आशीर्वाद दिनुहुँदै उसलाई जुन मार्गबाट फर्कने आदेश दिइएको थियो त्यस

*( क्रमशः पेज १७ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# साँचो सुख

आज संसारमा शारीरिक रोगीहरूको बृद्धि जति मात्रामा भइरहेका छन्, त्यो भन्दा पनि बढी मात्रामा मानसिक रोगीहरूको संख्यामा बृद्धि हुँदै गइरहेको देखिन्छ । जति जति बाह्य सुख सुविधाहरू (भौतिक सुख) को आविष्कार भइरहेका छन्, विलासितामा भुल्दै राग रूपी तृष्णामा बाँधिएका हाम्रा असीमित माग झन् झन् बढ्दै गइरहेका छन् । यही अतृप्त तृष्णामा जकडिएका हाम्रा असन्तुष्ट भावनाको कारणले संसारका विभिन्न कुना काप्चाहरूमा युद्ध, बदलाको भावना, आतंक, चोरी, भ्रष्टाचार, अन्याय र खतरनाक आक्रमणहरूको मात्रामा बृद्धि भइरहेको छ । मानिसहरू सक्कलि सुखको खोजमा भौंतारिंदै आफूले भोगिरहेका दुःखको रूपलाई मात्र साटिरहेका छन् । तर दुःखको मूल जरो पत्ता लगाई त्यसलाई पूर्णरूपले पन्छाउन भने सकिराखेको छैन । यसको प्रमुख कारण हामीले आफ्नो मनमा लुकेर बसेको अज्ञानतालाई चिन्न नसक्नु हो । जबसम्म हामीमा मान, सम्मान, इज्जत, प्रतिष्ठा र धनसम्पत्तिको मोहमा डुब्ने बानी हुन्छ, तबसम्म हाम्रो मनमा साँचो सुख शान्तिले वास गर्न सक्दैन । तर हामी मध्ये प्रायः जसोले आफ्नो विवेक बुद्धिलाई दुरुपयोग गरी सधैं दुःख र अशान्तिको खाल्डोमा परिरहेका छौं ।

भगवान् बुद्धले हामी जस्ता अज्ञानीहरूलाई त्यस खाल्डोबाट माथि निकाल्नको लागि ३ वटा खुड्किला चढ्ने सल्लाह दिनुभएको छ । ती यसरी छन् –
(१) शील (२) समाधि (३) प्रज्ञा ।

शील पालन भएका मानिसहरूको असल बानी व्यवहार भएको कारणले उनीहरूको मन स्वस्थ रहन्छ । किनभने नबिराउनु नडराउनु भन्ने प्राकृतिक नियम सबैमा लागु हुन्छ । जुन व्यक्ति निश्वार्थ भई निर्दोषी कार्यमा लागेको हुन्छ, त्यस व्यक्तिको मन सधैं स्वच्छ र स्वस्थ रहन्छ । स्वच्छ र स्वस्थ मनोबल शक्तिले शरीरलाई पनि स्वस्थ राख्न मद्दत गर्छ । शरीर र मन स्वस्थ भएको व्यक्तिले मात्र दोस्रो खुड्किलो समाधिको तह चढ्न समर्थ हुनेछ ।

राम्रो कार्यमा आफ्नो चित्तलाई एकाग्रह राख्न सक्ने व्यक्तिको चित्तले मात्र राम्रो ज्ञान प्राप्त गर्न सक्षम हुनेछ । यस्तो शक्तिशाली चित्तले प्रज्ञा (यथार्थ ज्ञानको उज्यालो प्रकाश) प्राप्त गर्न सक्षम हुनेछ । जब तेस्रो खुड्किलो प्रज्ञाको तहमा चढ्न सक्नेछ, तब हामी अज्ञानताको अँध्यारो खाल्डोबाट उक्लिएर उज्यालो र यथार्थ मुक्तिको अवस्थामा पुग्न सक्षम हुनेछौं । अनि मात्र हाम्रो मनले साँचो यथार्थ सुखलाई आफ्नै मनभित्र प्राप्त गर्न सक्नेछौं । आफ्नो मनभित्र सुख फेला पारिसकेको व्यक्तिले बाह्य जगतको सुख खोजी गर्ने आवश्यकता ठान्दैन । किनभने बाह्य भौतिक सुखहरू त सबै मृगतृष्णा समान नक्कली छन् । आज प्राप्त हुन्छ भोली गायब हुन्छ । तर आफ्नो स्वच्छ र निर्दोष मनभित्र फेलापारेको सुखलाई अर्को व्यक्तिले कुर्सी छिने जस्तै, मान पदबी छिने जस्तै र धनसम्पत्ति लुटेर लगे जस्तै लिएर जान सक्दैन । यो सुख स्थायी रूपमा अडिग भएर बसेको हुन्छ । हाम्रो लागि यही साँचो र यथार्थ सुखको आवश्यकता रहेको छ ।

यो सक्कली सुख प्राप्त गर्नको लागि हामीले भगवान् बुद्धले देखाउनु भएको शील, समाधि र प्रज्ञारूपी भऱ्याङ्ग चढ्न आजै देखि कोशस गरौं ।

### धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७९ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | माघ १५ गते, अष्टमी आइतवार | वीर्यवती | वीर्यवती |
| २ | माघ २२ गते, सिपुन्हि | केशावती | धम्मवती |
| ३ | फागुन १ गते, संक्रान्ती, सोमवार अष्टमी | इन्दावती | इन्दावती |
| ४ | फागुन ८ गते, सोमवार, औंशी | केशावती | केशावती |

( मेरिट टाइम्समा प्रकाशित )



# फो गुआङ शानका संस्थापक श्रद्धेय धर्म गुरु सिङ्ग युनको ९७ वर्षको उमेरमा देहावसान

अनुवादक- **देवकाजी शाक्य**

६ फेब्रुअरी २०२३ को प्रातकालको सबेरै ५ बजेको समयमा फो गुआङ शानका हजारौं भिक्षु भिक्षुणीहरू र उपासक उपासिकाहरू फो गुआङ शान गुम्बाको प्रमुख प्रतिमा स्थलको चोकमा फो गुआङ शान निर्देशन मण्डल (Board of Directors) का अध्यक्ष श्रद्धेय गुरु भिक्षु सिन बाउ (Hsin Bao) द्वारा हुन लागेको अत्यन्त गम्भिर आधिकारिक घोषणाको प्रतिक्षामा श्रद्धापूर्ण भावमा घुंडा टेकेर बसेका थिए । श्रद्धेय भिक्षु सिङ्ग युन ९७ वर्षको उमेरमा ५ फेब्रुअरी २०२३ को साँझ ५ बजे दिवंगत हुनु भएको थियो । फो गुआङ शान Light Transmission Building पवित्र स्तोत्र सामूहिक पाठले गुञ्जायमान भएको थियो ।

अत्यन्त दुःखदायी क्षण थियो । यो धर्म भेलामा विश्व विख्यात धर्म गुरुको देहान्तमा असह्य पीडा पोखिंदै थियो । यो यथार्थ घडी थियो । श्रद्धेय भिक्षु सिङ्ग युनले आफ्नो दैवी र प्रज्ञाको आँखा सदाको लागि चिम्लिनु भएको, प्रज्ञाको डुङ्गा डुबेको घटनाको औपचारीक दिंदै थियो । भेला भएका सबैले यस धरतीमा पूज्य गुरुको सिघ्रता पुनर्जन्मको लागि प्रार्थना गर्दै थिए । इहलोकबाट पूज्य धर्म गुरु सदाको लागि बिदा हुनु भएकोमा सबैजना ठूलो पीडा बोधमा स्तब्ध थिए ।

मानवीय बुद्ध धर्मलाई विश्वव्यापी प्रचार प्रसार गर्न श्रद्धेय भिक्षु मास्टर सिङ्ग युनले आफ्नो सम्पूर्ण जीवन समपर्ण गर्नु भयो । फो गुआङ शान पुण्य पवित्र भूमिको प्राप्तिको लागि अधिक र अथक प्रयास गर्नु भयो र जीवनको अन्तिम घडी सम्म सो कार्यमा लागि रहनु भयो । विगत ५६ वर्षको गुआङ शानको स्थापना काल देखि अहिले सम्म वहाँले विश्वभर ३०० भन्दा बढी मन्दिरहरू (गुम्बाहरू निर्माण गर्नु भयो । ताइवान, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र फिलिपिन्समा गरी ५ वटा विश्वविद्यालयहरू स्थापना गर्नु भयो । बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघहरूमा दशौं लाख सदस्यहरू भइ सकेका छन् । अनगिन्ति सर्व साधारण जनहरू उहाँका करुणामयी कार्यहरू र प्रयासहरूबाट लाभान्वित भएका छन् ।

निम्नलिखित पंक्तिहरूले श्रद्धेय भिक्षु मास्टर सिङ्ग युनले अंगाल्नु भएको जीवनका पवित्र लक्षहरूलाई औंल्याएका छन् ।

१. करुणाले भरिपूर्ण हृदय प्राप्त गर्न र अरुहरूलाई सुरक्षा प्रदान गर्ने दृढ सङ्कल्प ।
२. उहाँ भन्नु हुन्छ, मेरो काय (शरीर) असीमित (कुनै सीमानामा न बाँधिएको) धर्मको महासागर जस्तै हो ।"
३. "मेरो जीवनकालमा मैले के उपलब्ध गरें" सबैले सोध्न सक्छन् ।

४. परम शान्ति र सुख ५ वटै महादेशहरूमा ब्याप्त गर्ने जियाङदु जिंयासु (Jiangdu Jiangsu) प्रान्तमा ई.सं १९२७ मा जन्मनु भएको तर उहाँ कुनै खास देशको नभई सम्पूर्ण विश्वकै नागरिकको रुपमा बाँच्नु भयो । गरीबीमा नै हुर्कनु र बढनु भयो भने १२ वर्षको उमेरमा जन्म दिने पिताको खोजीमा आमाको साथमा नान्जीङ पुग्नु भयो तर उहाँ सफल हुनु भएन । Nanjing Qlxia को बाटो हुँदै आउँदा श्रद्धेय भिक्षु भ्फि कई संग उहाँको भेट भयो र उहाँ बाटै दीक्षा लिन केश खौरनु भयो । १५ वर्ष को उमेरमा श्रद्धेय भिक्षु सओशुनको उपाध्यायत्वमा प्रव्रजित हुनु भयो । उहाँको पुखौंली मन्दिर (गुम्बा) जियानसुको यिसिङ स्थित डजोइ मन्दिर हो । उ चे भनेर

उहाँको धर्म नामाकरण भयो । लि नी सम्प्रदायको उहाँ ४८ औं प्राधि धर्माध्यक्ष (कुलको प्रमुख) फो गुआङ शानको संस्थापक प्रमुख पनि हुनु भयो । ८० वर्ष भन्दा बढी समयकाल सम्म पूज्य सिङ युनले विश्वकै नागरिकको रुपमा धर्मलाई विश्व व्यापी प्रचार गर्नु भई धेरै संख्यामा मानिसहरूका जीवनमा सकारात्मक परिवर्तन ल्याउनु भयो । दुई हजार भन्दा बढी संख्यामा उहाँका गृहत्यागी भिक्षु भिक्षुणीहरू र दशौं लाख गृहस्थ शिष्यहरू छन् उहाँले प्रदान गर्नु भएको शिक्षालाई निरन्तरता प्रदान गर्ने सयौं धर्म उत्तराधिकारीहरू छन् ।

उहाँले ई.सं. १९६७ मा काओसियुङ जिल्लाको डासुको सामान्य गाउँ स्थित डाँडौको बाँसघारी टुप्पोमा फो गुआङ शानका मुख्य चार उद्देश्यहरू :

क) संस्कृति र संस्कारको माध्यमबाट धर्म प्रचार प्रसार गर्ने
ख) शिक्षाको माध्यमबाट मानव अन्तरनिहित क्षमताका विकास गर्ने
ग) मानवताको भावनाको विकासद्वारा समाजमा लाभ पुऱ्याउने
घ) आध्यात्मिक उत्थानद्वारा मानव चित्तलाई शुद्धिकरण गर्ने मानवीय बुद्ध धर्मको विकास र अभिवृद्धिको लागि पूर्ण रुपमा समर्पित हुने दृढसंकल्प उहाँले गर्नु भयो ।

"बुद्ध ज्योति विश्वव्यापी रुपमा उज्वल भएर चमकंदै जाओस् । ५ वटै महादेशहरूमा धर्मरुपी पवित्र जल निरन्तर बगिरहोस ।"

उहाँको परम इच्छा र कामना यही थियो ।

फो गुआङ शान स्थापना भएको ५६ वर्ष पछि संयुक्त राज्य अमेरिकामा सि लाई मन्दिर, अष्ट्रेलियामा नान टिन, दक्षिण अफ्रिकामा नन्हुआ र ब्राजिलमा टेम्प्लोजु लाई जस्ता अनेकौं आफ्ना आफ्ना क्षेत्रहरूकै नै विशाल मन्दिरहरू खडा भए । ताइवान, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र फिलिपिन्समा गरी ५ वटा विश्वविद्यालयहरू उहाँले खोल्नु भयो । शिक्षा क्षेत्रमा उहाँको योगदान अनुसार संयुक्त राज्य अमेरिकामा पश्चिमको विश्वविद्यालय, नान्हुआ विश्वविद्यालय अष्ट्रेलिया खोल्नु भयो र फिलिपिन्समा गुआङ महाविद्यालय खोल्नु भयो । २७ वटा कला केन्द्र (Art Galleries) । अनेकौं पुस्तकालयहरू (Water and cloud mobile Libraries) र ५० भन्दा बढी चिनिया विद्यालयहरू, चिह कुआङ व्यवसायिक विद्यालयहरू पु-मेन उच्च माध्यमिक र निम्न माध्यमिक विद्यालयहरू, Junton Junior High School, जुनी प्रयोगात्मक उच्च विद्यालय र धेरै शिशु विद्यालयहरू पनि खोल्नु भयो ।

मानवताको सेवा सम्बन्धमा सन १९७० देखि उहाँले निरन्तर रुपमा बालाश्रम (Children Homes) हरू, फो गुआङ जेष्ठ नागरिक गृहहरू, करुणा प्रतिष्ठान (Compassionate Foundation), जे-आइ जेष्ठ नागरिक घर घुमन्ते अस्पतालहरू (Water cloud Mobile Hospitals), फो गुआङ स्वास्थ्य केन्द्र, मानसिकता सुरक्षा केन्द्र र यातायात गाडी । काओसियोङ County मा जेष्ठ नागरिक घर स्थापनामा सयोगका हात बढाउँदै प्रायोजन पनि गर्नु भयो । अनेकौं फो गुआन प्राथमिक र निम्न उच्च विद्यालयहरू र दर्जनौं फो गुआन शान अस्पतालहरू चीनमा स्थापना गरी विश्व भर बुद्ध ज्योति अन्तराष्ट्रिय संघका सदस्यहरू लाई अभिभावकको रुपमा नेतृत्व गरी असक्तहरूका लागि मेच (Wheel Chair) घुम्ने घर, संकटकालमा राहत वितरण, युवा, वयस्क र कमजोर आर्थिक अवस्था भएका गरीबहरूका लागि शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु भयो । ३९५ भन्दा बढी ग्रन्थहरूका ग्रन्थाकार र सांस्कृतिक आदान प्रदानका पक्षघरको रुपमा उहाँ उभिनु भयो । संस्कृतिको माध्यमबाट धर्मको प्रचार प्रसार अन्तरगत फो गुआङ बौद्ध विनयहरू र फो गुआङ शब्दकोषको सृजनामा उहाँले सुपरिवेक्षण पनि गर्नु भयो । १९७५ मा उहाँले फो गुआङ शान प्रकाशन गृह स्थापना गर्नु भयो । १९८८ मा शिक्षा र संस्कृतिको लागि फो गुआङ शान प्रतिष्ठान स्थापना गर्नु भयो । यस बाहेक गन्ध समुद्र कम्पनि, बुद्ध ज्योति टेलिभिजन, Beautiful Life Television १९९७ र २००० मा Merit Times Daily News (बुद्ध समुदायले स्थापना गरेको पहिलो अखबार) स्थापना गर्नु भयो । एकजना पोख्त जीवन्त लेखकको रुपमा उहाँले ३९५ Volume को

Complete Works of Venerable Master Hsin Yun को ग्रन्थका रचनाकार पनि बन्नु भयो ।

१९९८ मा बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघ संयुक्त राज्य अमेरिकाको लस एन्जेल्समा समुदघाटन भयो । BLIA World Head Quarters को उहाँ अवैतनिक सम्मानित अध्यक्षमा चुनिनु भयो वि.एल.आई.ए. को प्रादुर्भाव पछि यो अहिले १७० भन्दा बढी देशमा फैलिएका छन् । यो विश्वकै चिनिया समुदायको सबभन्दा ठूलो संस्था बनेको छ । सन् २००३ मा बि.एल. आई.ए ले आधिकारिक औपचारिक रुपमा संयुक्त राष्ट्र संघको गैर सरकारी संस्था NGO को रुपमा मान्यता पाएको छ । संस्कृतिको माध्यमद्वारा शिक्षा, मानवता मात्रको कल्याणको लागि उहाँले प्रदर्शन गर्नु भएको समर्पण भावको लागि धेरै प्रशंसा र अभिनन्दन पत्रहरू प्राप्त गर्नु भएको छ । १९७८ देखि उहाँले विश्वका अनेकौं विश्वविद्यालयहरूबाट सम्मान स्वरुप विद्यावारिधि डिग्री र अवैतनिक प्राध्यापक जस्ता विशिष्ट सम्मानजनक विभूषण र पदकहरू पनि हासिल गर्नु भएको छ ।

१९९८ फेब्रुअरीमा श्रद्धेय धर्म गुरु सिङ्ग युनले बोधगया, भारतमा धर्म यात्रा गर्नु भयो जुन बेला वहाँले हजारौं वर्ष सम्म हराई सकेको भिक्षुणी परम्परालाई पूनर्जन्म दिनु भयो । यो बौद्ध इतिहासमा उल्लेखनीय घटना थियो । बुद्धको जन्मदिनलाई राष्ट्रिय पवित्र पर्व विदाको दिन घोषणा गर्नु पर्ने उहाँको बुलन्द आवाजलाई सन् १९९९ मा औपचारिक मान्यता प्रदान भयो । सन् २०११ मा फो गुआङ Buddha स्मृति उहाँ कै नेतृत्वमा पूरा भई सर्वसाधारणको लागि खुल्ला भयो । विभिन्न धर्म विश्वासहरू र सम्प्रदायहरू बीच सोहार्दपूर्ण सम्बन्ध र सद्भावनाको लागि प्रसिद्ध प्रवक्ता उहाँले बार्षिक "When Buddha Meets the Gods Event ) (बुद्धले देवताहरू संगको भेटघाटको बेला) को अवधारणा प्रस्तुत गरी बुद्ध प्रतिमाहरूका संकलन भेलाको आयोजना गर्नु भएको थियो । एउटै स्थलमा विविध धार्मिक प्रतिनिधिहरूको बृहत धर्म भेला भएकोमा यो विश्व रेकर्ड कायम भएको छ ।

*( क्रमश अर्को अङ्कमा )*



*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु ।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो ।*


VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4228625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
**ख-२, ४०८, पुतलिसडक**
**काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-४२३८१४७**
**९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

वर्ष ४०, अङ्क ११ को बाँकी अंश ... ...

# तथागतयागु स्वीनिता महापुरुषलक्षण उत्पन्नया कारण व फल–४



✍ कुसलज्ञाणी गुरुमां
रत्न विपश्यना विहार

## २०. रसग्गसग्गितालक्खणं (रसग्गसग्गी लक्षण)

तथागत पूर्वजन्मय्...**मनुष्य जुया ल्हातं, ग्वारां, दण्डं वा शस्त्रं प्राणीपिंत दुःख मबिइगु स्वभाव दुगु खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु महापुरूष लक्षण लाभ जुइ – **रसग्गसग्गी (तसकं सवाः कायफुगु म्ये दइ)** । थुगु लक्षणं युक्त जुया बुद्ध जुया छ्गु निगु रोग दइ, तसकं पुगु न मखु तसकं ख्वाःगु नं मखुगु समान विपाक दुगु पाचन शक्तिं युक्त जुया मध्यम प्रधान शक्ति छ्येलि फैइ ।

## २१-२२. अभिनीलनेत्तगोपखुमलक्खणानि (अभिनील नेत्र व गोपक्ष्म लक्षण)

तथागत पूर्वजन्मय्...**मनुष्य जुया बेकोगु मिखां मस्वइम्ह खः, सरल, तप्यंगु मनं व प्रिय चक्षुं मनूतय्त स्वइम्ह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु निगू महापुरूष लक्षण लाभ जुइ –**अभिनील नेत्र व गोपक्ष्म(साःया थें मिखाः पाखा सँ)** । बुद्ध जुया थुगु लक्षण सम्पन्न जुया जनताया प्रिय दर्शन जुइ, भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्य, असुर, नाग, गन्धर्व सकसियां प्रिय, मनापम्ह जुई ।

## २३. उण्हीससीसलक्खणं (उष्णीष शीर्ष लक्षण)

तथागत पूर्वजन्मय्...**मनुष्य जुया भिंगु ज्याय् बहुजनया नायो, कायिक सुचरित, वाचिक सुचरित, मानसिक सुचरित, दान संविभाजनय्, शील समादानय्, उपोसथ उपवासय् मां-बौं-श्रमण-ब्राह्मणया सेवाय्, कुल जेष्ठया सम्मानय् तथा मेमेगु नं भिंभिंगु ज्याय् बहुजनयात न्याकिम्ह जूम्ह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु महापुरूष लक्षण लाभ जुइ – **उष्णीस शीर्ष दइ ।** थुगु लक्षणं सम्पन्न जुया बुद्ध जुया भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्य, असुर, नाग, गन्धर्व – महाजन वसपोलया अनुयायी जुइ ।

## २४-२५. एकेकलोमताउण्णालक्खणानि (छ्पु छ्पु चिमिसँ व न्हातिकाय् भूवासैं लक्षण)

तथागत पूर्वजन्मय्....**मनुष्य जुया मृषावाद त्याग याना, मृषावादं विरत जुया च्वनिम्ह**

**खः । सत्यवादी जुया च्वनिम्ह खः । सत्य खँय् च्वनिम्ह खः तथा विश्वसनीयगु यथार्थगु खँ ल्हाइम्ह खः, लोकयात छले याइगु खँ ल्हाइ मखुम्ह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु निगू महापुरूष लक्षण लाभ जुइ – **चिमिसँ प्वाः पतिकं छपु छपु जक चिमिसँ दुम्ह जुइ तथा न्हातिकया दथुइ मसिनगु कपाय्या भुवाथें तुयूगु चिमिसँ दुम्ह जुइ ।** थुजागु लक्षणं युक्त जुया बुद्ध जुया भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्व वसपोलया समीपवर्ती जुइ ।

## २६-२७. चत्तालीसविरळदन्तलक्खणानि (पीपू वा व अविरल दन्त लक्षण)

तथागत पूर्वजन्मय्....**मनुष्य जुया पिशुण वाचा (चुक्ली) खँ ल्हायेगु त्याग याना, चुक्ली खँ ल्हायेगुलिं अलग जुया च्वनिम्ह खः । थनं खँ न्यना मेपिंत फायेत अन कनिम्ह जुइ मखु, अन खँ न्यना थन कनिम्ह जुइ मखु, मिले मजूपिंत मिले याइम्ह खः, मिले जूपिंत झन क्वातुका बिइम्ह खः, मिलेचले जुइगुलि न्त्याइपु ताइम्ह खः, मिलेचले जुइगुलि लय् ताइम्ह खः व मिलेचले जुइगुलि आनन्द ताइम्ह खः, मिलेचले जुइकेगु खँ ल्हाना जुइमह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु निगू महापुरूष लक्षण लाभ जुइ – **पीपू वा दुम्ह, अविरल दन्त दुम्ह ।** बुद्ध जुया अभेद्य(फाये मफुगु)-परिषद् दइ, वया परिषद् भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्वपिं अभेद्य जुइ ।

## २८-२९. पहूतजिव्हाब्रह्मस्सरलक्खणानि (प्रभूत जिह्वा वा ब्रह्मस्वर लक्षण)

तथागत पूर्वजन्मय्....**मनुष्य जुया फरूष वचन(नुगलय् स्याकेगु खँ) त्याग याना फरूष वाचनं अलग जुया च्वनिम्ह खः । गुगु वचन निर्दोषपूर्णगु खः, न्हाय्पं याउँसे च्वनिगु खः, न्यने यइपुगु खः, नुगलय् दुहाँ वनिगु खः, सकसितं योगु, यइपुगु, मन लय्ताइगु खः उजागु खँ ल्हाइम्ह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु निगू महापुरूष लक्षण लाभ जुइ – **ताहाकगु म्ये दुम्ह व ब्रह्मस्वर दुम्ह, करवीकभाणी(स्पष्ट व मिठास सः दुम्ह) जुइ ।** थुजागु लक्षणं युक्त जुया बुद्ध जुया स्वागत वचन, वसपोलया खँ भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्वपिसं न्यनी ।

## ३०. सीहहनुलक्खणं (सिंहहनु लक्षण)

तथागत पूर्वजन्मय्....**मनुष्य जुया सम्प्रलाप(म्वाः मदुगु खँ) वचन त्याग याना सम्प्रलाप वाचां अलग जुल । कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, ल्हाकाः तःगु सम्पत्तिया मूल्य थें ल्हाइम्ह खः । ई ब्यः व कारणयात विचा याना अर्थ सहितगु मात्राछि खँ ल्हाइम्ह खः**

। उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ..व अनं च्युत जुया थन वया थुगु महापुरूष लक्षण लाभ जुइ – **सिंहहनु (सिंहया थें मन्चा) दुम्ह जुइ ।** थुजागु लक्षणं युक्त जुया यदि वसपोल छें तोता अनगारिक जुया प्रव्रजित जुल धाःसा अरहत् सम्यकसम्बुद्ध जुया बिज्याई । बुद्ध जुया राग, द्वेष, मोह –दुनेया शत्रुपिंत तथा सुनं श्रमण वा ब्राह्मण वा देव वा मार वा ब्रह्मा वा संसारया पिनेया सुनं शत्रुतय्सं विध्वंस याये फैइ मखु ।


## ३१-३२. समदन्तसुसुक्कदाठालक्खणानि (समदन्त व सुश्वेत वाधि लक्षण)

तथागत पूर्वजन्मय्....**मनुष्य जुया मिथ्या जीविका त्याग याना सम्यक् आजीविका जीविका हनि तालजु पाकेगु, धातुइ पाकेगु, माना पाथी पाकेगु गुलिं अलग जुया च्वंम्ह खः,घूस कायेगु, छलकपट यायेगु, भ्रंग लायेगु व बइमान ज्याःअलग जुया च्वंम्ह खः त्वाः ल्हायेगु, हिंसा यायेगु, चिइगु, कुनेगु, लुटे यायेगु, जवर्जस्ती यायेगुलिं अलग जुया च्वंम्ह खः ।** उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ...व अनं च्युत जुया थन वया थुगु निगू महापुरूष लक्षण लाभ जुइ –**समदन्त(मिलय् जुगु वा) व सुश्वेत वाधि(तसकं तुयुगु वा) दइ ।** थुजागु लक्षणं युक्त जुया बुद्ध जुया शुचि (शुद्ध अनुयायी) परिवार दइ, वसपोलया परिवारपिं– भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं, देव, मनुष्यपिं, असुर, नाग, गन्धर्वपिनि शुचि (शुद्ध अनुयायी) जुई ।

थुपि लक्षणयात अध्ययन याये बलय् वसपोल तथागतं मनुष्य जन्मय् हे थुपिं ज्याः यानाः बिज्यात । परउपकारया लागि शरीर, वचन व मनं शुद्ध रूपं ज्याः याना बिज्यात । उगु कर्मयाना सुगति स्वर्गलोकय् बास यानाः अन च्युत जुया अन्तिम जन्मय् थुपिं स्वीनिता लक्षणं सम्पन्न जुया सिद्धार्थ बोधिसत्वया जन्म जुल । झिपिंनं आः मनु जुया जन्म जुया च्वना झिसँ तथागतपिसं थें छु छु ज्या यानाः च्वना वा छु छु ज्याः याये मफया च्वन धका सिके फय्केमाः । भगवान् बुद्धं हे थुगु स्वीनिता लक्षणं अथे अथे दया वःगु मखु धका न्हापा न्हापा मनुष्य जुया यानाः वःगु कर्मयाना थुपिं लक्षण प्रकट जुल । व प्रकट जुगु लक्षण यानाः थी थी फल लाभ जुल । धका कना बिज्याना तःगु थुगु उपदेश खः । वसपोलया जीवनय् हे कर्म व कर्मफलया विषय यक्व उदाहरणतं खंका क्याय् फु । उकिं झिं बुद्धया अनुयायीपिन्सं नं कर्मय् विश्वास याना भिंगु ज्याःय् सदा न्ह्यावनीमा । वसपोलं क्यना बिज्याना तःगु लँपुइ स्मृतिपूर्वक वनीमा । अले तिनी बुद्धप्रति धाथें यागु श्रद्धापूर्वक अभिवादन व वन्दना यागु जुवनी ।



चिरं तिट्ठतु बुद्धसासनं ।



**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**मदुम्ह लक्ष्मीनानी तुलाधर**


*बुदिं :*
बि.सं. १९८० फागुन ४ गते, दशमी

*मदुगु दिं :*
बि.सं. २०७९ माघ १ गते, अष्टमी

उदाय् समाजया सर्वजेष्ठ ज्याथि,
धर्मकीर्ति लक्ष्मीनानी ङ्त पुचःया पीदं (४० वर्ष) तक
नकिं जुयाः कःघानाः ज्या यानादीम्ह,
अतिकं मिलनसारम्ह, धार्मिक स्वभावं जाःम्ह,
हनेबहःम्ह मय्जु **लक्ष्मीनानी तुलाधर** परलोक जुयादिल ।
वय्कःया सुगति एवं निर्वाण हेतु या आशिका यासे
पुण्यानुमोदन याना ।

**धर्मकीर्ति लक्ष्मीनानी ङ्त पुचःया**
**सकल जःपिं ।**
**धर्मकीर्ति विहार, श्रीघः नःघ, काठमाडौं**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. जगतमुनि (भाई रत्न) बज्राचार्य**


*जन्म :*
ने.सं. १०५५ भाद्र शुक्ल चतुर्थी

*दिवंगत :*
ने.सं. ११४३ फागुन कृष्ण चतुर्दशी
आइतवार

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासक
**जगतमुनि वज्राचार्य**
८८ वर्षको उमेरमा संसारको त्रिलक्षण स्वभावलाई
स्वीकारगर्नुभई दिवंगत हुनुभयो ।
यस दुःखद समय उहाँका शोकाकुल परिवारले
बुद्ध शिक्षालाई मनन गरी धैर्य धारण गर्न सकुन् भनी
कामना गर्दै दिवंगत उपासक **जगतमुनि वज्राचार्य**को
सुगती एवं निर्वाण हेतुको कामना गरी
पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार**
**श्रीघः नःघ, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो


# दि. जगतमुनि (भाई रत्न) बज्राचार्य

*जन्म :*

*ने.सं. १०५५ भाद्र शुक्ल चतुर्थी (वि.सं. १९९२ भाद्र १७ गते, ऋषि पञ्चमी)*

*दिवंगत :*

*ने.सं. ११४३ फागुन कृष्ण चतुर्दशी आइतवार (वि.सं. २०७९ फागुन ७ गते, आइतवार)*


जिमि तःबाः जगतमुनि (भाई रत्न वज्राचार्य)
चय्च्यांद (८८ वर्ष) वैशय् संसारया त्रिलक्षण (अनित्य दुःख व अनात्म)
स्वभावयात न्ह्यब्वया बिज्यासे दिवंगत जुयाबिज्यात ।
तःबाःया परलोक जीवन
सुगतिमय जुयाः वसपोलयात निर्वाण हेतु चूलाय्मा धकाः
कामना यासे पुण्यानुमोदन याना ।

।। भवतु सब्ब मंगलम् ।।

## इन्दावती गुरूमां

धर्मकीर्ति विहार, श्रीघ नघः यैँ

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो


# मदुम्ह चन्द्रधर तुलाधर

*बुदिं : बि.सं. २०१६ पुस ६ गते – मदुगु दिं : बि.सं. २०७९ माघ ११ गते*

जिमित अतिकं प्रियम्ह जिलाजं

## भाजु चन्द्रधर तुलाधर

ख्वीस्वदं (६३ वर्ष) या वैशय् संसारया अनित्य स्वभाव
न्ह्याब्वसे दिवंगत जुयादिल। वय्कःया परलोक जीवन सुगतिमय जुयाः
याकन हे निर्वाण हेतु चूलाय्मा धकाः आशिका यासे
वय्कःया पुण्यस्मृतिसं पुण्यानुमोदन याना।

*ससःमां :* **नानी शोभा तुलाधर**

*ससः तता :* **सुशीला ताम्राकार** – *ससः जिचादाजु :* **प्रकाश रत्न ताम्राकार**

*ससः तता :* **उर्मीला ताम्राकार** – *ससः जिचादाजु :* **रत्नकाजी ताम्राकार**

*ससःदाजु :* **अमर तुलाधर** – *ससः पीभत :* **अञ्जु तुलाधर**

*ससः काय्चापिं :* **सुगत ताम्राकार, सौरभ ताम्राकार**

*ससः भिंचापिं :* **अमीर तुलाधर, आयुष तुलाधर**

*जहान :* **अनिला तुलाधर**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुदिं :*
*बि.सं. १९८०*
*फागुन ४ गते, दशमी*





*मदुगु दिं :*
*बि.सं. २०७९*
*माघ १ गते, अष्टमी*

# मदुम्ह मां लक्ष्मीनानी तुलाधर

उदाय् समाजया सर्व जेष्ठ ज्याथि, धर्मकीर्ति लक्ष्मी नानी ङत पुचःया नकिं, धर्मकीर्ति ज्ञानमाला भजन खलःया दकले ज्याथिम्ह दुजः अतिकं गौरवान्वित व्यक्तित्वं जाःम्ह करूणाया प्रतिमूर्ति, जिमिसं अतिकं माया व बिचाः यानातयाम्ह ममतामयी **मां लक्ष्मी नानी तुलाधर** थुगु भौतिक लोक तोताः परलोकय् बिलिन जुयादिल ।

वय्कलं जन्मकाःछि यानादीगु पुण्य व जिमिसं स्वच्छ मनं यानागु सेवाया पुण्यं जिमि मांयात सुगती सहित निर्वाण हेतु चूलाय्मा धकाः आशिका यासे लत्या (४५दिं) या पुण्य तिथीस पुण्यानुमोदन यानाच्वना ।


जिपिं छ्यँजःपिं प्रति सद्भाव क्यनादीपिं हितैषी पिन्त सुभाय् देछानाच्वना ।

## मां मदयाः दुःखं कःपिं छ्येंजः पिं :

ङत, यें

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**







*बुदिं :*
*ने.सं. १०३५ चिल्लाथ्व, पारु*
*(वि.सं. १९७१ फागुण ४, गते)*

*मदुगु दि :*
*ने.सं. ११४२ ञलाथ्व तृतीया*
*(बि.सं. २०७९ भाद्र १४ गते)*

# मदुम्ह बाः मोती कृष्ण तुलाधर

अनन्त गुणं जाःम्ह जिमि **बाः मोती कृष्ण तुलाधर** सच्छि व च्यादं (१०८ वर्ष) दुबले दिवंगत जुयादिल । थ्व संसारय् जन्म जुयागु हे छन्हु सीगु लागि खः । भगवान बुद्धं पत्ता लगे यानाबिज्याःगु संसारया त्रिलक्षण स्वभाव (अनित्य, दुःख व अनात्म) यात स्वीकार यानाः जिमि बाः नं जिपिं फुक्कसित थ्व अमूल्य सन्देश नं बियादिल । शरीर बल्लातले विहारे झायाः गुलिनं वय्कलं दान, शील, व ध्यानया अभ्यास यानादिल, उगु दुग्योगु पुण्यं जिमि बाःयात याकन हे सुगति सहित निर्वाण हेतु नं प्राप्त ज्वीमा धकाः आशिका यासे जिपिं सकसिनं पुण्यानुमोदन याना । बाः मदुबले गुलिनं थःथिति पासाभाईपिसं जिमित मैत्रीपूर्वक धैर्य धारण याकाः बिचाः हाय्कादिल, वयकःपिं सकसितं साधुवाद बियाच्वना ।

*कायुपिं :* – *भौपिं :*

**प्रकाश चन्द्र तुलाधर – तारा शोभा तुलाधर**
**– – अष्ट शोभा तुलाधर**
**रत्नकाजी तुलाधर – तारा शोभा तुलाधर**

*म्ह्यायुपिं :*

**मोती हिरा कंसाकार, रूपशोभा बनिया,**
**अनिता तुलाधर, निर्मला कंसाकार, सहनशीला तुलाधर**

# अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें देबदहलय् दय्कूगु यशोधरा विहारयात धर्मकीर्ति विहारपाखें भिङ्ङ: व वस्वया: अपो चन्दा ब्यूपिं दातापिनि नां धल:

*प्रस्तुती- वीर्यवती गुरुमां*


**शिलापत्र नं. ११**

| क्र. सं. | नां, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| २९० | इन्दावती गुरुमां | धर्मकीर्ति विहार, श्रीघ: नघ:, काठमाडौं | १५,०००/- |
| २९१ | पञ्चमुनी वज्राचार्य | टेबहाल, काठमाडौं | १५,०००/- |
| २९२ | रत्न शोभा शाक्य | मान भवन, ललितपुर | १६,०००/- |
| २९३ | चन्द्र कुमारी शाक्य | बाफल, काठमाडौं | १०,०००/- |
| २९४ | हरी धंगू महर्जन | नयाँ बानेश्वर, काठमाडौं | १०,०००/- |
| २९५ | गुण लक्ष्मी वाडे | नगदेश, थिमी | १०,५००/- |
| २९६ | तारा वीर महर्जन | बलम्बु | १०,५००/- |
| २९७ | भगवती ठकुरी | फसिक्यब, काठमाडौं | २५,०००/- |
| २९८ | नानी माया शाही, सपरिवार | तापाहिटी, पाटन | १०,१०५/- |
| २९९ | देब कृष्ण शाही सपरिवार | तापाहिटी, पाटन | १०,१०५/- |
| ३०० | अजा: भाई महर्जन | त्यौड, काठमाडौं | १०,०००/- |
| ३०१ | मिश्री महर्जन | त्यौड, काठमाडौं | ११,०००/- |
| ३०२ | डा. किरण मानन्धर सपरिवार | टेकु, काठमाडौं | १५,०००/- |
| ३०३ | डा. अञ्जन रायमाझी सपरिवार | अमेरिका | ११,०००/- |
| ३०४ | बाबुकाजी, रूपकेशरी शाक्य | डल्लु, काठमाडौं | १०,०००/- |
| ३०५ | दि. माइली बज्राचार्य | ताहाचल, काठमाडौं | १०,०००/- |
| ३०६ | विष्णुदेवी श्रेष्ठ सपरिवार | कालिमाटी, काठमाडौं | १०,०००/- |
| ३०७ | स्व. रत्नसुन्दर तुलाधर | – | १३,५२५/- |
| ३०८ | दि. लक्ष्मी देवी मानन्धर | जेठी भलसा छ्यँ, स्वयम्भू, काठमाडौं | १,००,०००/- |
| ३०९ | हिक्मत बहादुर कसा: | असन, बालकुमारी, काठमाडौं | १०,१००/- |
| ३१० | हेरा शोभा कसा: | असन, बालकुमारी, काठमाडौं | १०,१००/- |
| ३११ | स्व. भाई हेरा, पूर्ण लक्ष्मी तुलाधर | दगुबहा: असन, काठमाडौं | १०,०००/- |
| ३१२ | स्व. साहुनी राम कुमारी मानन्धर | मरु तहबिल, काठमाडौं | ५०,०००/- |
| ३१३ | स्व. साहुनी जगत माया मानन्धर | मरु तहबिल, काठमाडौं | ५०,०००/- |
| ३१४ | स्व. बुद्ध कुमारी मानन्धर | मरु तहबिल, काठमाडौं | ५०,०००/- |
| ३१५ | स्व. साहुनी गंगा माया मानन्धर | मरु, तहबिल, काठमाडौं | १०,०००/- |
| ३१६ | स्व. साहुनी दुर्गा देवी मानन्धर | मरु, तहबिल, काठमाडौं | १०,०००/- |
| ३१७ | कमला कारञ्जित | जयवागेश्वरी, काठमाडौं | ११,१११/- |

| | | | |
|---|---|---|---|
| ३१८ | सुमी तारा, विरेन्द्र शाक्य | झोछ्येँ, काठमाडौं | १,००,०००/- |

### शिलापत्र नं. १२

| क्र. सं. | नां, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| ३१९ | स्व. लक्ष्मी लाल, तीर्थ कुमारी मानन्धर | ठँहिटी, काठमाडौं | १०,०००/- |
| ३२० | स्व. दान लाल, मिठाई मानन्धर | – | १०,०००/- |
| ३२१ | स्व. हेराभाई, चन्द्र कुमारी मानन्धर | – | १०,०००/- |
| ३२२ | स्व. विष्णु लाल, न्हुच्छेमाया मानन्धर | – | १०,०००/- |
| ३२३ | स्व. लक्ष्मी कुमारी मानन्धर | – | १०,०००/- |
| ३२४ | वन्दना तण्डुकार | जापान | १५,०५०/- |
| ३२५ | दि. हीरा शोभा तुलाधर | भोटेबहा: काठमाडौं | १०,०००/- |
| ३२६ | स्व. स्वयम्भू कृष्ण कंसाकार | पुतली सडक, काठमाडौं | १०,०००/- |
| ३२७ | पद्मा तारा तुलाधर | डल्लु, काठमाडौं | १२,०००/- |
| ३२८ | चन्द्र तारा तुलाधर | स्वयम्भू, काठमाडौं | १२,०००/- |
| ३२९ | बीर जीवन तुलाधर | असन, टोखा, काठमाडौं | १०,०००/- |
| ३३० | तारा देवी शाक्य | न:घल, काठमाडौं | ११,०००/- |
| ३३१ | स्व. तेजमाया श्रेष्ठ | ज्याठा, ठमेल, काठमाडौं | १५,६५५/- |
| ३३२ | जगत शोभा शाक्य | महाराजगञ्ज, काठमाडौं | ५१,०००/- |
| ३३३ | सुलोचना शाक्य | सानेपा, ललितपुर | २५,०००/- |
| ३३४ | सानुबाबु, भगवान् देवी सायमी/मानन्धर | खुसिबुँ, काठमाडौं | ५०,००५/- |
| ३३५ | धर्मरत्न, पद्मतारा शाक्य | ओम बहाल, काठमाडौं | १०,०००/- |
| ३३६ | अनार शाक्य | कोहिटी, वहा: | १०,०००/- |
| ३३७ | चित्त लक्ष्मी ताम्राकार | महाबौद्ध, काठमाडौं | १२,१००/- |
| ३३८ | केशचन्द्र, चमली शाक्य | बनेपा ७ | २०,०००/- |
| ३३९ | गगन वीर सिं कंसाकार, सपरिवार | कालिमाटी, काठमाडौं | ३,००,०००/- |
| ३४० | स्व. अनार शाक्य | ताहाचल, काठमाडौं | १०,०००/- |
| ३४१ | सर्वज्ञ रत्न शाक्य | क्षेत्रपाटी, काठमाडौं | १०,०००/- |
| ३४२ | रविन्द्र, कल्पना ताम्राकार | ताहाचल, काठमाडौं | १०,०००/- |
| ३४३ | श्री निवास वीर सिं, दानहेरा कंसाकार | कालिमाटी, काठमाडौं | २५,०००/- |
| ३४४ | सुभद्रा सिं | वंग:, काठमाडौं | १,००,०००/- |
| ३४५ | श्रीमान् श्रीमती पवित्र भक्त मानन्धर | मरु, ग्वाछेमुग:गल्ली, काठमाडौं | १०,१०५/- |
| ३४६ | सुश्री सुधा मानन्धर | मरु, ग्वाछे मुग: गल्ली, काठमाडौं | १०,१०५/- |
| ३४७ | एन्जीला स्थापित | नयाँ सडक, काठमाडौं | १०,१५५/- |



# पूर्व प्रधान मन्त्री के.पि. शर्मा ओलीको जन्मोत्सवको उपलक्ष्यमा आयोजित एक कार्यक्रममा नेपाल बंगलादेश बौद्ध सम्वन्ध पुस्तक विमोचन




*कार्यक्रममा अतिथिको आशन ग्रहण गर्नुहुँदै भिक्षुणी धम्मवती गुरुमां*

*२०७९ फागुन ११ गते, विहिवार*
*स्थान- पूर्वप्रधान मन्त्री के.पि. शर्मा ओली निवास बालकोट, भक्तपुर ।*

यसदिन पूर्व प्रधान मन्त्री के.पि. शर्मा ओली निवास बालकोट भक्तपुरमा उहाँको जन्मोत्सवको शुभ उपलक्ष्यमा आमन्त्रित थेरवाद भिक्षु संघ, थेरवाद प्रव्रजित गुरुमां संघबाट उहाँको सुस्वास्थ्य एवं आयु आरोग्य कामना गरी परित्राण पाठ गरियो भने महायानी गुरुहरू एवं वज्रयानी गुरुजुहरू र वज्रयानी गुरुमांजुहरूबाट पनि उहाँको सुस्वास्थ्य एवं मंगल कामना गरी पाठ गरियो ।

पूर्व प्रधान मन्त्री के.पि. शर्मा ओली एवं राधिका शाक्य सपरिवारबाट आयोजित उक्त कार्यक्रममा आमन्त्रित थेरवादी भिक्षुसंघ, प्रव्रजित गुरुमां संघ, महायानी गुरुहरू लगायत वज्रयानी गुरुजुसंघ र गुरुमांजुसंघलाई दान प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो । यसरी नै आमन्त्रित सबैलाई भोजन दान गरी पुण्य सञ्चय गरिएको थियो ।

नेपाल अफ्रो एसियाली जन एकता संगठन हिरण्य अन्तर्राष्टिय मैत्री पुस्तकालय काठमाडौंको पनि सहआयोजनामा सञ्चालित उक्त कार्यक्रममा लेखक हिरण्यलाल श्रेष्ठबाट लिखित Nepal Bangladesh Buddhist Relations, नेपाल बंगलादेश बौद्ध सम्वन्ध नामक पुस्तक सामूहिक रूपमा विमोचन गरिएको थियो । उक्त पुस्तकको विषयमा लुम्बिनी विश्वविद्यालयका पूर्व उपकुलपति डा. त्रिरत्न मानन्धरले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने बंगलादेशका लागि नेपाली राजदूत Salahuddin Noman Chowdhury ले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । कार्यक्रममा पुस्तकका लेखक हिरण्यलाल श्रेष्ठले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । कार्यक्रममा पूवं प्रधानमन्त्री के.पि. शर्मा ओलीले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । ✿

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

मार्गलाई त्यागी अन्य मार्गबाट जाने सल्लाह दिनुभयो । यसरी भगवान् बुद्धले उसको ज्यान बचाईदिनुभयो ।

तब भगवान् बुद्ध देवदत्तले हत्याराहरू खडा गरिएको मार्गबाट स्वयं जानुभयो । जहाँ दुईजना हत्याराहरू पहिलो हत्यारालाई मार्न कुरिराखेका थिए । भगवान् बुद्धलाई देख्ने बित्तिकै उनीहरूले बुद्धलाई वन्दना गरे । भगवान् बुद्धले उनीहरूलाई मैत्रीपूर्वक आशीर्वाद दिनुभयो । अनि उनीहरूलाई जुन मार्गबाट फर्कने निर्देशन दिइएको थियो उक्त मार्गबाट नफर्की अन्य मार्गबाट जानको लागि सल्लाह दिनुभयो । यसरी ती दुई जनाको पनि ज्यान बचाउनु भयो ।

यसरी नै अन्य चारजना, आठ जना र अन्तिम पटकको सोह्र जना हत्याराहरूलाई पनि भगवान् बुद्धले मंगलमैत्री दिनु हुँदै आ-आफ्नो घर पठाउनुभयो ।

देवदत्तले आफ्नो षडयन्त्र असफल भएको थाहा पाएपछि छटपटिन थाल्यो रीसले चूर हुन थाल्यो । भगवान् बुद्ध मंगलमैत्री धर्म तरङ्गबाट प्रमुदित हुनुभयो । ■

# धम्म मोलि विहार उद्घाटन



*धम्महलमा स्थापित बुद्धमूर्ति उद्घाटन पश्चात् भिक्षुणी धम्मवती गुरुमां, भिक्षु राहुल महास्थविर र भिक्षु डा. नन्द महास्थविर*


*२०७९ फागुन १५ गते, सोमवार*
*स्थान- धम्म मोलि विहार, सामाखुशी*

सामाखुशी पवित्रनगर स्थित धम्ममोलि विहार उद्घाटन भएको छ । निर्वाण मूर्ति किम्डोल विहार प्रमुख गन्थवाचक पण्डित डा. धम्मविजया गुरुमांलाई उहाँका बुबा रत्नकाजी तुलाधर र आमा ब्यूटिफुल तुलाधरबाट का.जि. का.म.न.पा. वडा नं. २९ पवित्रनगर सामाखुशी स्थित कित्ता नं. ५१२ र ४५९ को क्षेत्रफल ०-१५-३-० को जमीन थेरवादी विहारको रूपमा प्रयोग गर्न दान दिइएको बुझिएको छ । बि.सं. २०६२ सालमा ग्रन्थवाचक पण्डित डा. मोलिनी गुरुमांको सहयोगमा उक्त भूमिमा धातु चैत्य पलिस्था गरी स्थापना गरिएको यस धम्म मोलि विहारलाई आज पूर्णता दिई मिति २०७९ फागुन १५ गते सोमवार शासनधज धम्माचरिय अग्ग महागन्थ वाचक पण्डित भिक्षुणी धम्मवती गुरुमां, भिक्षु राहुल महास्थविर र डा. भिक्षु नन्द महास्थविरबाट उद्घाटन गरिएको छ ।

कार्यक्रममा डा. धम्मविजया गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै जग्गा दाता रहनुभएका उहाँका मातापिताको कीर्तिलाई सोही जग्गामा बुद्ध शिक्षा प्रचार गर्ने पवित्र स्थानको रूपमा परिणत गर्न पाएकोमा हर्ष व्यक्त गर्नुहुँदै विहार निर्माणार्थ उहाँले बुद्धगयामा बुद्ध शिक्षा अध्ययन गर्नको लागि बिताइएका १९ वर्षको क्षणले हौसला प्रदान गरेको विषयलाई महत्व दिनुभयो ।

उक्त कार्यक्रममा भिक्षु कौण्डञ्य महास्थविरले विहार दान भनेको अष्ट महादान मध्ये एक भएको विषयमा विश्लेषण गर्नुहुँदै थेरवाद बुद्ध शासनमा यस विहारले अमूल्य भूमिका निभाउने विश्वास लिनुभयो ।

सो पश्चात् भिक्षु महासंघबाट सामूहिक महापरित्राण पाठ सम्पन्न गरियो । उपासिका गुणकेशरी महर्जनले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा निर्वाण मूर्ति किम्डोल विहारका कोषाध्यक्ष स्वयम्भूरत्न तुलाधर र श्री रञ्जितले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा डा. मोलिनी गुरुमांले साधुवाद ज्ञापन गर्नुहुँदै कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रममा बुद्ध शिक्षा संक्षेपमा (Buddhism inNutshell) पुस्तक सामूहिक रूपमा विमोचन गरिएको थियो । सो पश्चात् आमन्त्रित भन्ते गुरुमांहरूलाई जलपान र भोजन दान एवं दान प्रदान गरी कार्यक्रम सम्पन्न गरियो ।




*उद्घाटन पश्चात् धम्म मोलि विहार*

# भारत स्थित संकाश्यमा अल्पकालिन प्रव्रज्या शिविर एवं बौद्ध चारधाम यात्रा कार्यक्रम सम्पन्न



*भारतस्थित संकाश्यमा दुर्लभ प्रव्रज्या ग्रहण गर्नुभएका श्रामणेर, गुरुमां एवं ऋषिणीहरूका साथ कार्यक्रम आयोजक परिवार*

*२०७९ माघ (४-२०)*
*स्थान- संकाश्य, भारत*

भिक्षुणी धम्मवती गुरुमांको ८९ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहार परिवारको आयोजना एवं भिक्षुणी केशावती गुरुमांको संयोजकत्वमा दानवती गुरुमां र वण्णवती गुरुमांको सहयोगमा भारत स्थित संकाश्यमा ३ दिन सम्मको लागि अल्पकालिन दुर्लभ प्रव्रज्या शिविर सम्पन्न भएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा ३७ जना कुलपुत्र पुत्रीहरूले श्रामणेर प्रव्रज्या, गुरुमां प्रव्रज्या एवं ऋषिणी प्रव्रज्या ग्रहण गर्नुभएका थिए।

श्रामणेर प्रव्रज्या - ३ जना, गुरुमां प्रव्रज्या - ३ जना
ऋषिणी प्रव्रज्या - ४९ जना गरी जम्मा ५५ जना।

माथि उल्लेखित कुलपुत्र कुलपुत्रीहरूलाई संकाश्य स्थित विहारका विहाराधिपति श्रद्धेय नन्द भन्तेबाट दशशील प्रार्थना गराउनुभई धर्मदेशना गर्नुभएको थियो।

स्मरणिय छ, भगवान् बुद्धले आफ्नी स्वर्गिय आमा महामायादेवीलाई तुसिता देवलोकबाट त्रायतिंस देवलोकमा आमन्त्रण गर्नुभई आषाढपूर्णिमाको दिन अन्य देवदेवीहरूको समूह बिच अभिधर्म देशना गर्नुभएको थियो भने कतिं पुन्हि (आश्विन पूर्णिमा) को दिन उक्त देवलोकबाट भारत स्थित संकाश्यमा पदार्पण गर्नुभएको घटनालाई लिएर सम्राट अशोकले संकाश्यमा अशोक स्तम्भ खडा गरी उक्त स्तम्भ माथि हात्तीको मूर्ति स्थापना गर्नुभएको थियो। किनभने महामायादेवीले स्वप्नमा एक कमलको फूल सुँडमा लिएका सेतो हात्तीले उहाँलाई ३ पटक परिक्रमा गरी उहाँको दायाँ काखीबाट प्रवेश गरेको देख्नु भएको थियो। त्यसपछि उहाँ गर्भवती हुनुभएको थियो। यसलाई नै शाक्यमुनी बुद्धले हात्तीको रूपमा महामायादेवीको शरीरमा गर्भ प्रवेश गर्नुभएको मानिन्छ।

दुर्लभ प्रव्रज्या कार्यक्रम पश्चात् संकाश्यमा अभिधर्म पाठ कार्यक्रम सञ्चालन गरियो। पाठ गर्नुहुने व्यक्तिहरूको नामावली यसरी उल्लेख गरिएको छ –

श्रद्धेय नन्द भन्ते (वर्मी), श्रद्धेय गुरुमांहरू केशावती, दानवती, वण्णवती र सुचिता।

धर्मदेशना गर्नुहुने व्यक्तिहरू –

श्रद्धेय नन्द भन्ते, केशावती गुरुमां, दानवती गुरुमां र वण्णवती गुरुमां।

धर्मदेशना पश्चात् ध्यान कार्यक्रम सम्पन्न गरियो।

यस ३ दिने कार्यक्रमको अन्तिम दिनमा श्रद्धेय नन्द भन्तेबाट श्रामणेर, गुरुमां एवं ऋषिणी प्रव्रज्या हुने व्यक्तिहरूको लागि पञ्चशील प्रार्थना गराउनुभई उक्त कार्यक्रम समापन गर्नुभयो।

यस ३ दिने अल्पकालिन प्रव्रज्या कार्यक्रम पश्चात् उक्त समूहले बौद्ध चारधाम यात्रा गरी माघ २० गते शुक्रवार काठमाडौं फर्कनुभएको थियो।

यात्रा गरिएका स्थानहरूको नाम समाचारमा यसरी उल्लेख भएका छन् – लुम्बिनी, कुशीनगर, श्रावस्ती, लखनऊ, संकाश्य, सारनाथ, बुद्धगया, राजगिरी, नालन्दा, बैशाली, जनकपुर आदि। ✿

# दिनभर महापरित्राण पाठ सम्पन्न

*२०७९ फागुन १३ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहार धम्महलमा दुर्गा उपासिका सपरिवारको आयोजनामा उहाँका दिवंगत माता पञ्चमाया उपासिका र दिवंगत बुबा सूर्यमान उपासक, दाई रामेश्वर, ससुरा बुद्धि, सासु गंगा सहित सम्पूर्ण पितृजनहरूको सुगति सहित निर्वाण कामना गरी प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ गरिएको थियो ।

धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई महापरित्राणको परिचय दिनुहुँदै सामूहिक पाठ शुरु गर्नुभएको उक्त कार्यक्रममा कुशुम गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित गुरुमांहरू एवं दाता परिवारका नाताहरूलाई दाता परिवारबाट जलपान र भोजन प्रायोजन गर्नुका साथै गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा पितृजनहरूको पुण्यस्मृतिमा पुण्यानुमोदन गरी पुण्यदान गरियो ।

पाठ गर्नुहुने गुरुमांहरू र पाठको विवरण –

| क्र. सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | धम्मवती गुरुमां सहित अन्य गुरुमांहरू |
| २ | सरणागमन - धजग्ग सुत्त | वीर्यवती, शुभवती |
| ३ | महाकस्सपत्थेर बोज्झङ्ग सुत्त – इसिगिली सुत्त | केशावती, खेमावती, प्रियावती |
| ४ | धम्मचक्कप्पवत्तन सुत्त | कुसुम, प्रीतिवती, सुप्रियावती |
| ५ | महासमय सुत्त – वसल सुत्त | श्रद्धावती, त्यागवती, इन्दावती |
| ६ | सच्चविभंग सुत्त | नन्दावती, सुनन्दावती, क्षान्तिवती |
| ७ | आटानाटिय सुत्त (क) | पञ्ञावती, वजीरा, अमता |
| ८ | आटानाटिय सुत्त (ख) | दानवती, मेत्तावती र सुवण्णवती |
| ९ | सामूहिक पाठ | सबै गुरुमांहरू |

*( तस्विरहरू अगाडि कभरको भित्री पेजमा हेर्नुहोला )*

# धर्मकीर्ति बसुन्धरा विहारमा दिनभर अभिधर्म पाठ

*२०७९ माघ २७ गते*
*स्थान- धर्मकीर्ति बसुन्धरा विहार*

यसदिन धर्मकीर्ति बसुन्धरा विहारमा विश्व शान्ति कामनार्थ प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर अभिधर्म पाठ गरियो । विहार प्रमुख कुसुम गुरुमांबाट हाम्रा गुरु श्रद्धेय धम्मवती गुरुमांले अभिधर्म पाठ कार्यक्रमको शुरुवात गर्नुभएको विषयमा जानकारी दिनुभयो । समय समयमा अभिधर्म पाठ सञ्चालन गरी यसलाई निरन्तरता दिइराख्नु हाम्रो दायित्व रहेको विषयमा मन्तव्य व्यक्त गर्नुहुँदै उहाँले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्नुभयो ।

कार्यक्रममा किम्डोल विहारका प्रमुख डा. धम्मविजया गुरुमांले अभिधर्मको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।

अभिधर्मको ७ ग्रन्थहरूलाई विभिन्न गुरुमांहरूले पाठ गर्नुभएको कार्यक्रम तालिका यसरी रहेको छ –

| क्र. सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | अनुपमा, धम्मविजया |
| २ | विभङ्ग | पञ्ञावती, दानवती |
| ३ | धातुकथा | निर्मलञाणी, इन्दावती |
| ४ | पुग्गलपञ्ञति | जयवती, वीर्यवती |
| ५ | कथावत्थु | सुनन्दावती, प्रीतिवती |
| ६ | यमक | पञ्ञावती, भद्रञाणी |
| ७ | पट्ठान | धम्मविजया, सुमना |

पाठ समापन पश्चात् धर्मकीर्ति बसुन्धरा विहार लगायत उपासकोपासिकाहरूबाट आमन्त्रित गुरुमांहरूलाई दानप्रदान गरी पुण्य सञ्चय गरिएको थियो भने कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी पुण्यदान गरिएको थियो । ✿

*( तस्विरहरू पछाडि कभरको भित्री पेजमा हेर्नुहोला )*

## धम्म डिजिटलको तेस्रो वार्षिक दिवस

*२०७९ फागुन १० गते, बुधवार*
*स्थान- धापाखेल बुद्ध विहार, ललितपुर ।*

धम्म डिजिटलको तेस्रो वार्षिक दिवस भिक्षु अस्सजितको सभापतित्व एवं अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु धम्मसोभनको प्रमुख अतिथित्वमा सम्पन्न भएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार सुमना गुरुमांले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा पञ्चशील प्रार्थना पश्चात् धम्म डिजिटलका सदस्य गुणकेशरी महर्जनले स्वागत मन्तव्य प्रस्तुत गर्नुभई सचिव सुवण्णवती गुरुमांले धम्मडिजिटलको वार्षिक कार्य गतिविधि प्रस्तुत गर्नुभयो । यसरी नै प्रकाशन समितिका सचिव भिक्षु जुतिमोले आगामी दिनहरूमा सञ्चालन गरिने कार्यक्रमहरू विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा भिक्षु के श्री धम्मानन्दद्वारा अंग्रेजी भाषामा लिखित पुस्तक "What Buddhist Believe" पुस्तकलाई तीनजना बौद्ध विद्वान्हरू प्रकाश वज्राचार्य, वरदेश मानन्धर र मदनरत्न मानन्धर द्वारा क्रमशः प्रथम भाग, द्वितीय भाग र तृतीय भाग गरी नेपाली भाषामा अनुवादित उक्त पुस्तकहरूलाई एकमुष्ट रूपमा मदनरत्न मानन्धरद्वारा सम्पादन गरी एक पुस्तकको रूपमा प्रकाशन गरी यही कार्यक्रममा विमोचन गरिएको थियो । दाता वसुमाया महर्जनको आर्थिक सहयोगमा प्रकाशित उक्त पुस्तक भिक्षु धम्मसोभन महास्थविर र सयादो ऊ सुजनपियबाट विमोचन भएको थियो ।

कार्यक्रममा अतिथिको आसनबाट मन्तव्य व्यक्त गर्नुहुने व्यक्तित्वहरू यसरी हुनुहुन्छ – भिक्षु धम्मशोभन महास्थविर, भिक्षु धर्मगुप्त महास्थविर, भिक्षु बिमलो महास्थविर, विमलञाणी गुरुमां, धम्मडिजिटलका उपाध्यक्ष मदनरत्न मानन्धर (बौद्ध विश्वास पुस्तकको सन्दर्भमा), बौद्ध अध्ययन विभागका निवर्तमान विभागिय प्रमुख, (त्रि.वि.वि.) उप-प्राध्यापक वेदराज ज्ञवाली (शुभकामना मन्तव्य) आदि ।

कार्यक्रमको अन्त्यमा धम्मडिजिटलका अध्यक्ष भिक्षु अस्सजितले सभापतिको आसनबाट मन्तव्य व्यक्त गर्नुहुँदै र पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गर्नुभयो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. ज्ञानेश्वरी रञ्जित**
ताहाचल, काठमाडौं

*जन्म :*
बि.सं. १९९४/०८/१२

*दिवंगत :*
बि.सं. २०७९/०८/१७

धर्मकीर्ति पत्रिका विशेष सदस्य नं. ६१५)
**श्रीमती ज्ञानेश्वरी रञ्जित** ८५ वर्षको उमेरमा दिवंगत हुनुभयो ।
उहाँले आफ्नो जीवनमा सञ्चय गर्नुभएको
पुण्य शक्तिले उहाँलाई सुगति सहित निर्वाण हेतु प्राप्त
होस् भनी
कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।
यस दुखद् घडीमा उहाँका परिवारजनले संसारको
त्रिलक्षण स्वभावलाई बुझी धैर्यधारण गर्न सुकुन् भनी
कामना पनि गर्दछौं । भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार**
**श्रीघः नःघ, काठमाडौं**

*२०७९ माघ ७ गते*

## विषय- अभिधर्म (भाग-२७)

*प्रवचक- श्रद्धेय पञ्ञासार महास्थविर*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन श्रद्धेय पञ्ञासार महास्थविर भन्तेले अभिधर्म विषय अर्न्तगत चार प्रकारको चित्तको बारेमा प्रवचन दिनुभएको थियो ।

ती हुन् – कामावचर चित्त - ५४ वटा, रूपावचर चित्त - १५ वटा, अरूपावचर चित्त - १२ वटा, लोकुत्तर चित्त - संक्षिप्तमा लोकुतर संक्षिप्तमा - ८ वटा, विस्तृतमा - ४० वटा छन् ।

- लौकिक चित्त ८१ + ८ = ८९ चित्त संक्षिप्तमा
- लौकिक चित्त ८१ + ४० = १२१ विस्सृतमा चित्त
- मार्ग र फल चित्तको हिसाबले लोकुत्तर चित्त जम्मा ८ वटा छन् ।

विस्सृतमा लोकुत्तर चित्त ४० वटा छन् ।

| | |
|---|---|
| १) सोत्तापन्न मार्ग | १ |
| २) सकृदागामि मार्ग | १ |
| ३) अनागामि मार्ग | १ |
| ४) अरहन्त मार्ग | १ |
| जम्मा = ४ मार्ग | |
| १) सोत्तापन्न फल | १ |
| २) सकृदागामि फल | १ |
| ३) अनागामि फल | १ |
| ४ अरहन्त फल | १ |
| जम्मा = ४ फल | |

रूपावचर कुशल चित्तले रूपावचर ब्रह्मलोकमा जन्म हुन्छन् भने अरूपावचर कुशल चित्तले अरूपा वचर ब्रह्मलोकमा जन्म हुन्छ । स्रोतापन्न भन्नाले जसरी नदीबाट बगेर गएको पानी समुद्रको धारमा पुगिन्छ । त्यस्तै नै निर्वाणरूपी समुद्रको धारमा पुगिन्छ । स्रोतापन्न नभएसम्म सत्व प्राणीहरूको गतिको ठेकाना हुँदैन । स्रोतापन्न भइसकेपछि चार अपाय दुर्गतीबाट बचिन्छ । सुगतीमा मात्र जन्म हुन्छ । कोशीश गरेको खण्डमा तीन, चार जन्ममा निर्वाण प्राप्त हुन्छ । तर मेहेनत नगरेमा सातौं जन्ममा निर्वाण प्राप्त हुन्छ ।

स्रोतापन्न तीन प्रकारका छन्, ती हुन् –

१) एकबीज सोत्तापति - अर्को जन्ममा अरहन्त हुने

२) कोलंकोल सोत्तापत्ति - २ जन्म देखि ७ जन्म भित्रमा अरहन्त हुने ।

३) सत्तक्खन्तुपरम सोत्तापत्ति - ७ जन्ममा नै अरहन्त हुने संयोजन धर्म - १० वटा ।

सोत्तापत्ति मार्गफलको ३ वटा संयोजन - वन्धनलाई हटाउँछ । ती हुन् – सत्काय दिट्ठि, विचिकिच्छा, शीलब्बत परामर्श । ✿


## साधुवाद बीथ्याःगु ज्याः

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः इन्द्रकुमार नकःमि व वयक:या दाजु उत्तम कुमार नकःमिया इहिपाः जूगु नीन्यादं (२५ वर्ष) दुगु लसतायात कयाः निम्हं दाजुकिजाया तिपू परिवारं पुण्य सञ्चय यायां थुगु लसता ज्याभ्रवःयात भ्रभ्रःधाय्क हंगु दु । थुकीयात स्वयाच्वंपिं पासाभाईपिसं थुगु ज्यायात अनुकरणिय, आदर्शमय व साधुवाद बी थ्याःगु ज्याया रूपय् काःगु खनेदु ।

न्हापांला वय्कःपिसं धर्मकीर्ति विहारया आवासिय गुरुमांपिन्त सुथन्हापांया जलपान दान यासे परित्राण पाठ श्रवण (धम्मवती गुरुमां प्रमुख मेपिं गुरुमांपिनि पाखें) व दान प्रदान यानाः पुण्य सञ्चय यानादिल । वयांलिपा निम्हं दाजुकिजा परिवारं म्हतिं रु. २५००/– याना मुक्कं रु. ५,०००/– दां धर्मकीर्ति विहारया गुरुमांपि निगु लागि स्वास्थ्य कोष नीस्वनेत धकाः श्रद्धेय धम्मवती गुरमांयात लःल्हानादिल ।

वयांलिपा इन्द्रकुमार नकःमि तिपुलिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति कृतज्ञ जुसे थुगु गोष्ठीया अक्षय कोषया निंति नं निन्यादो तका दां (रु. २५,०००/–) दान यानाः पुण्य सञ्चय यानादिल ।

इहिपाः जूगु (२५ वर्ष) नीन्यादं दुगु तोहः तयाः पुण्य यानादीपिं नकमिं परिवारया बाँकी दनिगु जीवन दान, शील व ध्यान अभ्यास यायां दुःखं मुक्तगु निर्वाणया हेतु तकं प्राप्त ज्वीमा धकाः आशिका याःगु जुल । ✿



# भिक्षुणी धम्मवती गुरुमां सम्मानित

*२०७९ माघ २१ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन भिक्षुणी धम्मवती गुरुमांलाई मातापितु स्मृतिकोष कीर्तिपुर र बछला देवी दर्शनधारी सपरिवारको तर्फबाट सम्मान-पत्र प्रदान गरी सम्मान गरिएको छ । धम्मवती गुरुमांले बुद्ध शासनलाई चिरस्थाई गर्ने कार्यमा अमूल्य योगदान दिनुभएको कार्यलाई कदर गरी सम्मान-पत्र प्रदान गरिएको बुझिएको छ । कार्यक्रममा भिक्षुणी धम्मवती गुरुमां प्रव्रजित हुनुभएको ७६ वर्ष भएको उपलक्ष्यमा बछला देवी दर्शनधारी सपरिवारले ७६ वटा फूल र रु. ७६,०००/- रकम पनि दान गरिएको थियो ।



*अभिनन्दन पत्रकासाथ भिक्षुणी धम्मवती गुरुमां*

कार्यक्रममा मातापितु स्मृतिकोषका संस्थापक बछलादेवी दर्शनधारीले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै बद्धशासनमा अमूल्य योगदान दिनुहुने व्यक्तिहरूलाई यसरी अभिनन्दन गर्न पाएकोमा ज्यादै हर्षित भएको कुरा व्यक्त गर्नुहुँदै पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नुपर्ने बुद्ध शिक्षालाई पालन गर्न पाएकोमा आफूलाई गौरवान्वित ठान्नुभयो ।

उक्त कार्यक्रममा धर्मकीर्ति संरक्षण कोषका सदस्य मदनरत्न मानन्धरले मातापितु स्मृतिकोषको तर्फबाट यसरी भिक्षुणी धम्मवती गुरुमांको कृतज्ञगुण स्मरण गरी अभिनन्दन गर्नुभएकोमा धर्मकीर्ति संरक्षण कोष परिवार हर्षित भएको कुरा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो– गुण गर्ने व्यक्ति पनि दुर्लभ छ यो संसारमा भने गुण गरेको कार्यलाई नबिर्सने र उक्त गुणको बदला कृत्तज्ञ गुण सम्झी ऋण तिर्ने कार्य झन दुर्लभ छ । त्यसैले आज मातापितु स्मृतिकोषले अति दुर्लभ र महत्वपूर्ण कार्य गर्न गइरहेकोमा यसलाई प्रशंसा गर्न योग्यछ ।"

यसरी नै भिक्षुणी धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै बछलादेवी दर्शनधारी (संस्थापक मातापितु स्मृतिकोष) ले गुण नबिर्सीकन गुणको बदला ऋण तिर्ने कार्य गर्नुभएकोमा खुशी व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो बुद्ध शासनमा भिक्षु, भिक्षुणी, उपासक र उपासिकालाई बुद्ध शासनरूपी रथका ४ वटा पांग्राको रूपमा लिइन्छ । एउटा पांग्रा कमजोड भयो भने यो रथ अगाडि बढ्न सक्दैन । त्यसैले हामीले यी चारवटा पांग्राहरूलाई मजबूत पार्नु हामी सबैको दायित्व हो । अगाडिको पांग्रा भिक्षु, भिक्षुणी मजबूत बनी बुद्ध शिक्षानुसार आचरण गर्दै बुद्ध शासन अगाडि बढाउने कार्य गरेजस्तै पछाडिका पांग्रा उपासक उपासिकालाई पनि ठीक मार्ग देखाउन सक्षम हुनुपर्छ । आज मातापितु स्मृतिकोषले भिक्षुणीको रूपमा रहेको बुद्धशासन रूपी पांग्राको महत्व बुझी यसलाई पूजा गरिरहेको स्मरणिय कार्य हो । जसरी भिक्षु भिक्षुणी पूजा गर्न योग्य भएकोले पूजा गरियो, त्यसरी नै उपासक उपासिका बुद्ध शासन रूपी पछाडिको पांग्रा पनि बुद्ध शिक्षानुकूल कार्य गरी बुद्ध शासनको दायित्व थाम्दै इमान्दारपूर्वक कार्य गर्छन् भने उनीहरू पनि सम्मान गर्न योग्य छन् । उहाँहरू पनि सम्मानको हकदार भएको कारणले बर्मामा यसरी सम्मान गर्ने कार्य चलिरहेको छ । चारवटा नै समूहलाई बर्मा सरकारले सम्मान गर्ने चलन चलाइराखेको प्रशंसनिय कार्य हो । यही कार्य गण विहारका प्रमुख भिक्षु सोभितले पनि सञ्चालन गर्नुभएको छ । यसलाई पनि हामीले प्रोत्साहन दिंदै प्रशंसा गर्नुपर्ने देखिन्छ । यसरी एकआपसमा कृत्तज्ञ गुण सम्झी हामी चारवटै समूह मिली बुद्ध शासन अगाडि बढाउने हाम्रो कर्त्तव्य हुनेछ ।"

भिक्षु शोभितले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु भद्दिय र भिक्षु समित पनि सहभागी रहनुभएको थियो । कार्यक्रमको अन्त्यमा बछलादेवी दर्शनधारी परिवारले आफ्ना मातापिता लगायत सम्पूर्ण पितृहरूको पुण्यस्मृतिमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो । ✿

# दिनभर अभिधर्म पाठ सम्पन्न



*अभिधम्म विषयमा छोटो धर्मदेशना गर्नुहुँदै धम्मवती गुरुमां*



*अभिधम्म पाठ श्रवण गर्नुहुँदै नारायणदेवी मानन्धर परिवार*

*२०७९ माघ २० गते, शुक्रवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन उपासिका नारायण देवी मानन्धर सपरिवार कालिमाटीको आयोजनामा प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर अभिधर्म पाठ सम्पन्न गरिएको छ। कार्यक्रममा धम्मवती गुरुमांबाट अभिधर्म विषयमा छोटो धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा दाता परिवारबाट भोजन जलपानको प्रायोजनका साथै दानप्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा दाता परिवारले पुण्यानुमोदन गरी पुण्य दान गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

उक्त कार्यक्रममा अभिधर्म पाठ र पाठ गर्नुहुने गुरुमांहरूको नामावली यसरी रहेको छ –

| क्र.सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | पञ्ञावती, क्षान्तिवती |
| २ | विभङ्ग | खेमावती, श्रद्धावती |
| ३ | धातुकथा | त्यागवती, इन्दावती |
| ४ | पुग्गल पञ्ञति | वीर्यवती, प्रीतिवती |
| ५ | कथावत्थु | मेत्तावती, श्रद्धागौतमी |
| ६ | यमक | करुणावती, ध्यानवती |
| ७ | पट्ठान | त्यागवती, सुवण्णवती |

# Drubthob Rimpoche Tenzin Yeshi गुरु धर्मकीर्ति विहारमा

श्रीघः चैत्य परिसरमा रहेको गुम्बाका प्रमुख Drubthob Rimpoche Tenzin Yeshi Namdak बि.सं. २०६९ सालमा दिवंगत हुनुभएपछि हाल उहाँको पुनर्जन्म भएको मानिन्छ। उहाँको हालको नाम Drubthob Rimpoche Tenzin Yeshi रहेको छ । उहाँ गुरु हाल नौ वर्षको हुनुभयो ।



गत २०७७ सालमा पनि उहाँ धर्मकीर्ति विहारको निमन्त्रणा स्वीकार गरी पाल्नुभएको थियो भने हाल २०७९ साल फागुन ८ गते सोमवार पनि धर्मकीर्ति विहारको निमन्त्रणा स्वीकार गरी आफ्ना शिष्यहरूका साथ धर्मकीर्ति विहारमा पाल्नु भएको थियो । यसको केही दृष्यहरू यसरी रहेको छ –

*गुरु (खादा लगाउनु भएको), श्रद्धेय धम्मवती गुरुमां, लामा गुरुहरू र अन्य गुरुमांहरूका साथमा*

# धर्मकीर्ति बसुन्धरा विहारमा दिनभर अभिधर्म पाठ भइरहेको तस्विरहरू



धम्मसङ्गणी पाठ गर्नुहुँदै गुरुमांहरू अनुपमा र धम्मविजया



धातुकथा पाठ गर्नुहुँदै गुरुमांहरू निर्मलञाणी र इन्दावती



विभङ्ग पाठ गर्नुहुँदै गुरुमांहरू पञ्ञावती र दानवती



पुग्गल पञ्ञति पाठ गर्नुहुँदै गुरुमांहरू जयवती र वीर्यवती



कथावत्थु पाठ गर्नुहुँदै गुरुमांहरू सुनन्दावती र प्रीतिवती



पट्ठान पाठ गर्नुहुँदै गुरुमांहरू धम्मविजया र सुमना



यमक पाठ गर्नुहुँदै गुरुमांहरू पञ्ञावती र भद्रञाणी

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७९/०८०)

# साधुवाद !!!



*जन्म :*
बि.सं. १९९० आश्विन
शुक्ल नवमी

*दिवंगत :*
बि.सं. २०५९
फागुन ३ गते

## मदुम्ह उपासिका मथुरा देबी मानन्धर

धर्मकीर्ति पत्रिका वर्ष ४०, अङ्क १२ या रङ्गिन कभर पेज प्यपाना (४ पन्ना) मदुम्ह उपासिका **मथुरा देबी मानन्धर**या पुण्य स्मृतिस वय्‌कःया परिवार दुजः पिसं धर्मदान यानादीगु खः । धर्मदान यानाः सञ्चय यानादीगु पुण्य शक्तिं मदुम्ह उपासिका **मथुरा देबी मानन्धर** नापं दाता परिवारया मेपि सकल पितृजनपिनि नं सुगति व निर्वाण हेतुया आशिका यासें पुण्यानुमोदन यानागु जुल । अथेहे धर्मदान यानादीपिं दाता परिवारया नं आयु आरोग्य एवं निरोगी कामना यासे वय्‌कःपिं‌सं नं बुद्ध शिक्षा अभ्यास यायां थःथःगु जीवन सफल यानादी फय्‌मा धकाः आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

*धर्मदान यानादीपिं मानन्धर दाता परिवारपिं :*

| *म्ह्याय्‌पिं :* | | *जिलाजंपिं :* | *काय्‌पिं :* | | *भौपिं :* |
|---|---|---|---|---|---|
| **माया** | – | ... | **डा. त्रिरत्न** | – | **अकिल शोभा** |
| ... | – | **श्रीनारायण** | **किरण** | – | **रीना** |
| **जमुना** | – | **शीवनारायण** | **शरोज** | – | **वीणा** |
| **नारायणदेवी** | – | **लक्ष्मीनारायण** | **सहित सकल छ्य्‌ छुइपिं ।** | | |
| **बसुन्धरा** | – | **त्रिरत्न** | | | |

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com